National News

15/06/2024

<u>मुख्य समाचार</u>

- प्रधानमन्त्रीको इटलीको यात्रा भयो  सार्थक
- सिक्किमको मंगन जिल्ला अस्त व्यस्त
- केन्द्रीय गृह मन्त्रीले उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुहुने
- अरुणाचल प्रदेशमा नवनियुक्त मुख्यमन्त्रीको मन्त्रिपरिषदका सदस्यहरूमा   बाडियो विभाग
- भारत रेल र दिल्ली मेट्रोको सबै लाइनमा रेल सेवा  भोली बिहान छ बजीदेखी शुरू हुने।

<u>प्रधानमन्त्री- वापसी</u>

प्रधानमन्त्री श्री  नरेन्द्र मोदी इटलीबाट आज बिहान नयाँ दिल्ली  फर्किनु भएको छ । प्रधानमन्त्रीले यस यात्रालाई सार्थक बताउनुभएको छ। सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो, यो एक महत्वपूर्ण जी-7 शिखर सम्मेलन थियो, जहाँ उन्हाँले विश्व मन्चमा भारतको दृष्टिकोण प्रस्तुत गर्नुभयो । विदेश मन्त्रालयले भनेको छ यस यात्रामा जी-7 संगठन अन्तर्गत प्रमुख वैश्विक मुद्दामा सार्थक बातचीत भएको छ । मंत्रालयले भनेको छ यस अन्तर्गत शिखर सम्मेलनमा भाग लिने देशका साथ भारतको साझेदारी प्रगाढ भएको छ । प्रधानमन्त्रीले यात्रामा जी-7 शिखर सम्मेलनमा भाग लिनुभयो। उहाँले  इटलीका प्रधानमन्त्री  श्रीमती जियोर्जिया मेलोनी, ब्रिटेनका प्रधानमन्त्री श्री ऋषि सुनक, फ्रान्सका राष्ट्रपति श्री इमैनुएल मैक्र र यूक्रेनका राष्ट्रपति श्री वोलो दिमिर ज़ेलेन्स्की सहित  धेरैजना विश्वका  नेताहरूका  साथ द्विपक्षीय वार्ता गर्नुभयो। श्री मोदीले इटालीको अपुलियामा हीजो  जी-7 शिखर सम्मेलनमा सम्पक सत्रलाई सम्बोधन गर्नु भयो । उहाँले भारतको ऊर्जा उपयोगमा परिवर्तन बारे विस्तारमा बताउदै  भन्नुभयो,यसको परिकल्पना उपलब्धता, पहुँच, सामर्थ्य र स्वीकार्यतामा आधारित छ।

<u>राष्ट्रपति-राजा पर्व</u>

राष्ट्रपति श्रीमती  द्रौपदी मुर्मूले हिजो  राष्ट्रपति भवनमा आयोजित **राजा पर्व** समारोहमा भाग लिनुभयो । यस अवसरमा राजा गीत र मयूर भन्ज छऊ नृत्य, सम्बल पुरी नृत्य र कर्मा नृत्य प्रस्तुत गरिएको छ।

राष्ट्रपति भवनमा **राजा पर्व** आयोजन  गरिएको  यो पहिलो पल्ट  थियो । यस उत्सवमा उड़िया

संस्कृति  र जीवन-शैलीको अनौठो झलक देखियो । राजा पर्व ओडिशाको प्रमुख तिहारमा एक हो । तीन दिनको यस कृषि उत्सवलाई मनसूनको शुभारम्भ मानिन्छ।

<u>सिक्किम-बी आर ओ</u>

 सिक्किमको मंगन जिल्लामा   पछिलो चार दिनमा   लगातार परेको  झरीले आम जनजीवन अस्त व्यस्त छ । धेरै झरी परेका कारण उत्तरी सिक्किम तर्फ जाने बाटोमा बाधा पुगेको छ । यो घटनाले  सम्पर्क व्यवस्था गम्भीर रूपमा   बाधित भएको छ, जसले क्षेत्रमा लगभग **बाह्र सय भन्दा अधिक** पर्यटकहरू  फसेका छन् । ज़ंगु क्षेत्र र उत्तरी सिक्किमलाई जोड्ने साङकलाङमा नवनिर्मित पुल दबीएर स्थिति अझै दुख लाग्दो  भएको छ । सीमा सड़क संगठन – बी.आर.ओ – ले प्रोजेक्ट स्वास्तिक अन्तर्गत तत्काल बहालीको प्रयास शुरू गरेको छ।

<u>दिल्ली-साहित्य अकादेमी पुरस्कार</u>

साहित्य अकादेमीले आज युवा पुरस्कार दुईहजार चौबीस र बाल साहित्य पुरस्कार दुई हजार चौबीसको घोषणा  गरेको छ । साहित्य अकादेमीका अध्यक्ष श्री  माधव कौशिकको अध्यक्षतामा युवा पुरस्कारका लागी तेइस र बाल साहित्य पुरस्कारका लागी चौबीसजना   लेखकहरूलाई अकादेमीको कार्यकारी मण्डल द्वारा चयनित  गरिएको छ । साहित्य अकादेमीले बताएको छ कि सबै चयनित लेखकलाई पुरस्कार स्वरुप पचास  हजार रुपियाँको धनराशि र एक ताम्र पट्टिकाले सम्मानित  गरिनेछ।

<u>एचएम-उच्च स्तरीय बैठक (शब्द)</u>

केन्द्रीय गृह मन्त्री श्री  अमित शाहले, जम्मू-कश्मीरमा सुरक्षा स्थिति अनि अमरनाथ यात्राको तयारीको समीक्षाका लागी भोली बिहान एउटा उच्च स्तरीय बैठकको अध्यक्षता  गर्नुहुनेछ । शुक्रवार श्री शाहले नयाँ दिल्लीमा गृह मन्त्रालयका वरिष्ठ अधिकारिका साथ भएको बैठकमा जम्मू-कश्मीरको सुरक्षा स्थितिको समीक्षा  गर्नुभयो। यसै बैठकमा उन्हाँले आइतबार उच्च स्तरीय बैठक बोलाउने निर्देश  पनि दिनुभयो। गृह मन्त्रालयले भनेको छ, कि उपराज्यपाल श्री मनोज सिन्हा, राष्ट्रीय सुरक्षा सलाहकार श्री अजीत डोभाल, केन्द्रीय गृह सचिव, सेना, पुलिस, जम्मू-कश्मीर प्रशासन  र  गृह मन्त्रालयका वरिष्ठ अधिकारीले  पनि  बैठकमा भाग लिनुहुनेछ ।

## सरकार-तीन नए कानून (शब्द)

केन्द्रीय कानून अनि न्याय मन्त्रालयले, कोलकत्तामा भोली आपराधिक न्याय प्रणाली प्रशासनमा भारतको प्रगतिशील पथ शीर्षकबाट एउटा सम्मेलनको आयोजना गर्नेछ । मन्त्रालयले भनेको छ यस सम्मेलनको उद्देश्य तीनबटा नयाँ आपराधिक कानून - भारतीय न्याय संहिता दुई हजार तेइस, भारतीय नागरिक सुरक्षा संहिता र भारतीय साक्ष्य अधिनियम, दुई हजार तेइसको विशेषतालाई बातचीत र प्रश्नोत्तर सत्रका माध्यमले अघी ल्याउनु हो ।

पछिलो वर्ष दिसम्बरमा राष्ट्रपतिबाट अनुमती प्राप्त भएपछि यो कानून अगिलो महीनाको पहिलो तारीखदेखी लागू हुनेछ।

## पेमा खान्डू सरकार में विभाग वितरण

अरुणाचल प्रदेशमा नवनियुक्त मुख्यमन्त्री श्री पेमा खान्डूको मन्त्रिपरिषदमा आज विभाग छुट्टाईएको छ । यस पल्ट बाह्र जना सदस्यीयको राज्य मन्त्रिपरिषदमा नौबटा नयाँ अनुहार शामेल गरिएको छ। । उप-मुख्यमन्त्री श्री चाउना मीनलाई फेरी वित्त, योजना अनि निवेश तथा बिजुली मन्त्रालय दिइएको छ। राज्य विधानसभाका पूर्व अध्यक्ष श्री पासंग दोरजी सोनालाई शिक्षा अनि ग्रामीण मन्त्रालय दिइएको छ । श्री बियुराम वाहगे नयाँ स्वास्थ्य अनि परिवार कल्याण मन्त्री बन्नुहुनेछ । श्री वान्की लोवाङ्गलाई पर्यावरण र वन तथा तिरप, चाङ्ग लाङ्ग र लोङ्ग डिंग विभागका राज्य मन्त्री बनाइएको छ ।

श्रीमती दासंगलू पुललाई महिला र बाल विकास, सांस्कृतिक मामिला तथा विज्ञान अनि प्रौद्योगिकी मन्त्रालय दिइएको छ। श्री न्यातो डुकम, श्री गेब्रियल डी वांगशु, श्री मामा नातुंग, श्री बालो राजा, श्री केन्टो जिनी र ओजिंग तासिंग आदी मन्त्री हुनुहुन्छ।

## दिल्ली-सिविल परीक्षा मेट्रो सेवा

संघ लोक सेवा आयोगको भोली हुने परीक्षाको मद्देनजर दिल्ली-गाजियाबाद-आर.आर.टी.एस करिडोरमा नमो भारत रेल र दिल्ली मेट्रोको सबै लाइनमा रेल सेवा बिहान छ बजीदेखी शुरू हुनेछ। राष्ट्रीय राजधानी क्षेत्र परिवहन निगम-एन.सी.आर.टी.सी र दिल्ली मेट्रो रेल निगमले बताएको छ कि सिविल सेवा परीक्षाको अभ्यर्थीले आफ्नो परीक्षा केन्द्रमा समयमा पुगुन भनेर यो निर्णय लिएको हो । नमो भारतको संचालित खण्डमा भोली रेल सेवाहरू बिहान छ बजीदेखी राती दस बजी सम्म उपलब्ध रहनेछ ।

## मौसम

मौसम विभागले अगिलो चार दिनसम्म पश्चिम बंगालमा हिमालयसंग जोहीएका क्षेत्र, देशको पूर्वोत्तर भाग तथा सिक्किममा धेरै झरी पर्ने अनुमान व्यक्त गरेको छ। मेघालय र असममा पनि आठार जून सम्म वर्षा हुने संभावना छ।

अगिलो चार दिनसम्म देशको उत्तरी भागमा भीषण गर्मी बनी रहेनेछ। भोली उत्तर प्रदेश, दिल्ली , झारखण्ड, बिहार, पंजाब, उत्तरी ओडिशा र पश्चिम बंगालको गांगेय क्षेत्रमा चर्को गर्मी हुनेछ। उत्तरी राजेस्थान, उत्तराखण्ड र छतीसगढमा तथा हिमाचल प्रदेशका केही भागमा भीषण गर्मी जारी छ। आज दिल्लीमा आंशिक रूपले बादल छाई रहने र हवा चलने अनुमान छ। राजधानीको अधिकतम तापमान चवालीस डिग्री सेल्सियस छेउछाउ रहने संभावना छ।